दैनिक लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक
वर्ष ३६ | अंक २६३ | बुटवल | २०८१ असोज ०३, गते बिहीबार | नेपाल संवत ११४४ | Thursday Sept.19, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

**संविधानले व्यवस्था गरेका नागरिकका कर्तव्यहरु**

-राष्ट्रप्रति निष्ठावान हुँदै नेपालको राष्ट्रियता, सार्वभौमसत्ता र अखण्डताको रक्षा गर्नु ।
-संविधान र कानूनको पालना गर्नु,
-राज्यले चाहेका बखत अनिवार्य सेवा गर्नु,
-सार्वजनिक सम्पत्तिको सुरक्षा र संरक्षण गर्नु,
जस्ता नागरिक कर्तव्यको पालना गरौं, जिम्मेवार नागरिकको परिचय दिऔं ।

नेपाल सरकार विज्ञापन बोर्ड

# लुम्बिनीमा प्रादेशिक सडक सञ्जाल गुरुयोजना बन्दै

**मन्त्रालयले तयार पारेको विवरणअनुसार प्रदेशमा तीन सय ८९ वटा सडक प्रदेशभित्र रहेका छन् । जसमध्ये ३१ वटा सडक प्रादेशिक सडकको रुपमा पहिचान भएका छन् ।**

**लुम्बिनी संवाददाता**
*दाङ*

लुम्बिनी प्रदेश सरकारले प्रादेशिक सडक सञ्जाल गुरुयोजना निर्माणको कामलाई अन्तिम चरणमा पुऱ्याएको छ ।

प्रादेशिक सडक गुरुयोजना नबन्दा सडक निर्माण गर्न बजेट छरिने र त्यसले उपलब्धि दिन नसक्ने भएपछि प्रदेश सरकारले गुरुयोजना निर्माण गर्न लागेको हो ।

लुम्बिनी प्रदेश सरकारले २०७७ सालमा सडक निर्माण, मर्मत संभार तथा विस्तार गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन ल्याएको थियो । यो ऐनलाई कार्यान्वयन गर्नेगरी प्रदेश सरकारले अहिले प्रादेशिक सडक गुरुयोजना निर्माणको काम अघि बढाएको हो ।

**यस्ता छन् प्राथमिकताका आधार**

प्रदेश लोकमार्ग र प्रादेशिक सडकको पहिचानका लागि केही आधारहरु कानुनी रुपमै तयार पारिएको छ । प्रदेश लोकमार्गभित्र दुई वा दुईभन्दा बढी जिल्ला भएर जाने प्रमुख सडक, छिमेकी प्रदेश जोड्ने प्रदेशका मुख्य सडक, राष्ट्रिय लोकमार्गबाट शुरु भई अर्को लोकमार्ग जोड्ने सडक, कुनै केन्द्रीय सडक सञ्जालमा नपर्ने दुई जिल्लाका केन्द्र जोड्ने सडक, संघबाट हस्तान्तरण भएका सहायक लोकमार्गहरु र प्रदेश सरकारले निर्माण गरेका गौरवका सडकहरु पर्ने प्रदेश सरकारले जनाएको छ । मन्त्रालयले तयार पारेको विवरण अनुसार प्रदेशमा तीन सय ८९ वटा सडक प्रदेश भित्र रहेका छन् । जसमध्ये ३१ वटा सडक प्रादेशिक सडकको रुपमा पहिचान भएका छन् । यी सडकहरुले दुई वा दुईभन्दा बढी जिल्ला जोडेका छन् । जसको लम्बाई एक हजार पाँच सय ६१ किलोमिटर छ । पाँच वटा सडक २० किलोमिटर भन्दा छोटा छन् ।

प्रदेश सरकारले अघि बढाएको प्रदेश गौरवको आयोजनामा पर्ने रामपुर-कपुरकोट सडकखण्ड १९६ किलोमिटर लामो छ । सडक गुरुयोजना निर्माण भएपछि सोही आधारमा निश्चित अवधी तोकेर सडक पूर्वाधार निर्माण सम्पन्न गर्ने लुम्बिनी प्रदेश सरकारको तयारी छ ।

यस्तै प्रादेशिक सडकभित्र प्रदेशभित्रका कम्तिमा स्थानीय तहको दुई केन्द्र जोड्ने सडक, एकै जिल्लाभित्र रहेका राष्ट्रिय लोकमार्ग वा प्रदेश लोकमार्गदेखि कृषि, पर्यटन, उद्योग, व्यापार, खानी, बस्ती, जलाशय, तथा प्रदेशका महत्वपूर्ण आयोजना स्थल जोड्ने सडक,




राष्ट्रिय लोकमार्ग वा प्रदेश लोकमार्गदेखि स्थानीय तहका केन्द्र जोड्ने सडकहरु, संघ वा प्रदेश सरकारका सरकारी निकायसम्म पहुँच पुऱ्याउने सडकहरु पर्ने भौतिक पूर्वाधार विकास मन्त्री भूमिश्वर ढकालले जानकारी दिए ।

'प्रदेशको समृद्धि र विकासको भविष्यको आधार प्रादेशिक सडक गुरुयोजना हुने छ । गुरुयोजना निर्माणको काम अहिले अन्तिम चरणमा पुऱ्याएका छौं,' मन्त्री ढकालले भने -'प्रदेशको आफ्नै लोकमार्ग र प्रदेश सडकको क्षेत्र निर्धारण हुन्छ । वार्षिक योजनाअनुसार त्यसमा बजेट विनियोजन गर्ने र कार्यान्वयन गर्ने काम सहज रुपमा अघि बढ्छ ।'

**सबैको अपनत्व हुनेगरी गुरुयोजना : मुख्यमन्त्री आचार्य**

लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले प्रादेशिक सडक सञ्जाल गुरुयोजनामा सबैले अपनत्व लिनेगरी टुंग्याउने बताए ।

पूर्वाधार विकासलाई नयाँ उचाइमा पुऱ्याउन सडक सञ्जाल गुरुयोजना निर्माणको काम भइरहेको भन्दै उनले जिल्ला तहमा छलफल गरेर अन्तिम रुप दिने बताए । 'प्रदेश सडक गुरुयोजना बन्दैछ । प्रस्तावको रुपमा मन्त्रालयले अघि बढाउँछ । जिल्लाका प्रदेशसभा सदस्यहरुलाई राखेर अन्तिम रुप दिन्छौं,' मुख्यमन्त्री आचार्यले भने-'प्रदेश स्तरका हाइवे बनाउने र प्रदेशस्तरका सडक कती लामो बनाउने ? एउटा जिल्लामा कती सडकमा प्रदेशबाट कायम गर्ने ? जिल्लामा छलफल गरेर टुंग्याउँछौं ।'

प्रदेशमा सडक गुरुयोजना निर्माण नहुँदा समस्याहरु परेकाले वर्तमान सरकार गुरुयोजनालाई असोज महिनाभित्र टुंग्याउनेगरी अघि बढेको उनले जानकारी दिए ।

## आज संविधान दिवस

बुटवल । आज संविधान दिवस विभिन्न कार्यक्रम गरी देशभर मनाइँदैछ । २०६४ र २०७० मा गरी २ पटक संविधानसभा चुनाव गरेर २०७२ मा पछिल्लो संविधान बनेको थियो । लुम्बिनी प्रदेश सरकारले पनि तीन दिनसम्म विभिन्न कार्यक्रम गरी संविधान दिवस मनाउने निर्णय गरेको छ ।

असोज २ देखि ४ गतेसम्म विभिन्न कार्यक्रम गरेर प्रदेश सरकारले संविधान दिवस मनाउन लागेको हो ।

तीन दिनसम्म प्रदेशस्थित सबै सरकारी कार्यालयहरुमा राष्ट्रिय झण्डा फहराउने, कार्यालय परिसरमा सरसफाइ गरिने, स्वास्थ्य मन्त्रालयको समन्वयमा स्वास्थ्य परीक्षण, रक्तदानलगायत कार्यक्रम हुने छन् । संविधान दिवसकै अवसरमा तीन दिनसम्म १२ वटा जिल्ला अस्पतालहरुमा बिरामीको निःशुल्क प्रयोगशाला परीक्षण तथा आकस्मिक टिकट निःशुल्क गरिएको छ ।

यस्तै आम नागरिकलाई तीन दिन आ-आफ्नो घरको छत, बरण्डामा दिपावली गर्न पनि सरकारले आह्वान गरेको छ । असोज ३ गते संविधान दिवसको मूल समारोहअन्तर्गत प्रदेश राजधानीमा विभिन्न सांस्कृतिक झाँकी सहित बिहान प्रभातफेरी आयोजना गरिएको छ ।

यस्तै असोज ४ गते प्रदेश सरकारका मन्त्रालय र निर्देशनालय तथा सरोकारवालाहरुको समन्वयमा वृहत् वृक्षारोपण कार्यक्रम गरिने भएको छ ।

मुख्यमन्त्री चेतनारायण आचार्यले संविधान दिवसलाई जनस्तरबाट मनाउन आह्वान गरेका छन् । सुशासन, सामाजिक न्याय र समृद्धिको माध्यमबाट प्रदेशको समग्र विकासलाई जनतासामु पुऱ्याउन संविधानको पूर्ण कार्यान्वयन गर्न सरकार प्रतिबद्ध रहेको भन्दै संविधान दिवसलाई भव्य रुपमा मनाउन मुख्यमन्त्रीले आह्वान गरेका छन् ।

## राष्ट्रपति र प्रधानमन्त्रीका नाममा कार्यक्रम नबन्ने

बुटवल । सरकारले राष्ट्रपति र प्रधानमन्त्रीका नामबाट नयाँ योजना र कार्यक्रम नबनाउने भएको छ ।

११ भदौको सचिव बैठकले राष्ट्र प्रमुख र सरकार प्रमुखका नाममा अहिले चलिरहेका योजना तथा कार्यक्रम प्रभावकारी नभएको निश्कर्ष निकाल्दै अब यस्ता कार्यक्रम प्रस्ताव नै नगर्ने निर्णय गरेको छ ।

गत ३१ साउनमा प्रधानमन्त्री केपी शर्मा ओलीले मन्त्री र सचिवहरुलाई प्रधानमन्त्री वा उच्च पदस्थका नाममा नभई 'जनता'का नाममा कार्यक्रम बनाउन मन्त्री र सचिवहरुलाई निर्देशन दिएका थिए । यही निर्देशनमा आधारमा सचिव बैठकले आगामी आर्थिक वर्षहरुमा राष्ट्र प्रमुख र सरकार प्रमुखका नममा कार्यक्रमहरु प्रस्ताव नै नगर्ने निर्णय गरेको एक सचिवले जानकारी दिए ।

सचिव बैठकको निर्णयको छैठौं नम्बरमा भनिएको छ, 'सरकार प्रमुख र राष्ट्र प्रमुखको नामबाट हाल सञ्चालन भइरहेका योजना/कार्यक्रमहरुको प्रभावकारिताका सम्बन्धमा पुनरावलोकन गर्ने र भविष्यमा सरकार प्रमुख र राष्ट्र प्रमुखको नामबाट नयाँ योजना तथा कार्यक्रमको प्रस्ताव नगर्ने ।'

अहिले राष्ट्रपतिका नाममा राष्ट्रपति चुरे संरक्षण कार्यक्रम राष्ट्रिय गौरवका आयोजनाका रुपमा सञ्चालनमा छ ।

तर, कार्यान्वयन फितलो हुँदा कार्यक्रम सुरु भएको ९ वर्षमा १४ अर्ब खर्चिंदा पनि चुरे संरक्षणमा यसले ठोस योगदान पुऱ्याउन सकेको छैन ।

राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमबाट भएको खर्चले पनि शिक्षाको गुणस्तर सुधार्न सहयोग गरेको छैन । राजनीतिक पहुँचका आधारमा कार्यक्रम बाँड्ने र मनपरी खर्च गर्ने प्रवृत्तिले यी कार्यक्रमहरु निष्प्रभावी बनिसकेका छन् ।

## संविधान दिवसमा कैदी नछुट्ने

बुटवल । संविधान दिवसको अवसरमा यो पटक कैदीहरु नछुट्ने भएका छन् । कारागार व्यवस्थापन विभागले कैदी छुटेहरुको विवरण गृह मन्त्रालयमा पठाए पनि निर्णय हुन बाँकी रहेको भन्दै बिहीबार संविधान दिवसको अवसरमा कैदीबन्दी रिहा नहुने भएका हुन् । गृह मन्त्रालयले गृहकार्य नपुगेको भन्दै निर्णय नगरेकाले कैदीबन्दी छुट्ने अवस्था नरहेको कारागार व्यवस्थापन विभागका सूचना अधिकारी रामबहादुर सार्कीले बताए ।

९ असारमा पनि ६२० जनाको कैद कट्टा गर्ने भन्दै सार्वजनिक सूचना निकालिएको थियो । त्यसको दुई महिनापछि फेरि १७ भदौमा ४२० जनाको कैद कट्टा गर्ने भन्दै सूचना सार्वजनिक गरिएको थियो । ।

दुबै टोलीमा सूचना निकालिएकाहरु ३ असोजमा संविधान दिवसको अवसरमा छुट्ने बताइएको थियो । तर अहिले फेरि केही गृह कार्य गर्नुपर्ने भन्दै रोकिएको छ ।

यसअघि १५ जेठमा गणतन्त्र दिवसको अवसरमा कैद कट्टा गरी कैदीबन्दी रिहा हुँदै आएकामा यो पटक गण्तन्त्र दिवसमा पनि रिहा भएका थिएनन् ।

यसअघिसम्म कैदीबन्दी रिहा गर्दा उनीहरुविरुद्ध उजुरी आह्वान गर्ने र पीडितको सहमति लिने प्रचलन थिएन । तर व्यक्ति हत्यामा सजाय भुक्तान गरिरहेका बाँकेका योगराज ढकाल (रिगल) रिहा भएपछि पीडित पक्षले सर्वोच्च अदालतमा रिट दायर गरेका थिए ।

उक्त रिटको सुनुवाइ गर्दै तत्कालीन न्यायाधीश ईश्वरप्रसाद खतिवडा, सपना प्रधान मल्ल र डा.कुमार चुडालको पूर्ण इजलासले १६ कात्तिक २०८० मा पीडितको हक संरक्षित हुने गरी, सहमति तथा मञ्जुरीसमेत लिई पीडितलाई सामाजिक पुनस्थापना र क्षतीपूर्तिसहितको न्याय प्राप्त भएको अवस्था सुनिश्चित गरेर मात्र कैदी रिहा गर्नुपर्ने फैसला गरेको थियो ।

## सिद्धबाबा सुरुङमार्गको काम आधा पूरा



बुटवल । सिद्धार्थ राजमार्गमा निर्माणाधिन सिद्धबाबा सुरुङ मार्गको मुख्य सुरुङ खन्ने काम आधा सकिएको छ । आयोजनाले सार्वजनिक गरेको पछिल्लो अपडेटअनुसार मुख्य टनले ५४५.५७ मिटर खनिएको छ । यहाँ कुल ११ सय २६ मिटर लम्बाइको मुख्य सुरुङ बन्दैछ । बाइपासतर्फ पहिलो बाइपास १५१ मिटर खन्ने योजना छ । यसमध्ये १३७.२ मिटर खन्ने काम सकिएको छ ।

बाइपास दोस्रो १६१ मिटरमध्ये ११७ मिटर खनिएको छ । बाइपास तेस्रोतर्फ १३० मिटरमध्ये १२३.४ मिटर खनिएको आयोजनाले जनाएको छ । सुरुङ खन्ने कामले गति लिए पनि यसमा लाइनिङको काम भने अगाडि बढेको छैन । स्लोप प्रोटेक्सनमा भने धेरै काम अगाडि बढेको छ ।

आयोजनाका अनुसार यहाँ दक्षिणतर्फ २३ सय वर्गमिटर स्लोप प्रोटेक्सन गर्नुपर्नेमा १ हजार ४९५ वर्गमिटरमा यस्तो काम भइसकेको छ । यो आयोजनाको समग्र भौतिक प्रगति २२.८५ प्रतिशत पुगेको छ । वित्तीय प्रगति २६.४ प्रतिशत पुगेको आयोजनाले जनाएको छ ।

सुरुङ खन्न गत माघदेखि सुरु भएको हो । यो आयोजनाको निर्माणको जिम्मा चिनियाँ निर्माण कम्पनी चाइना स्टेट कन्स्ट्रक्सन इञ्जिनियरिङ कर्पोरेशनले लिएको छ । यहाँ टनेलसहित दोहोरो लेन, स्लोप प्रोटेक्सनसहित २.५९ किलोमिटर क्षेत्रमा विभिन्न भौतिक संरचना बनिरहेका छन् ।

बुटवललाई पोखरा र पश्चिम नेपालका विभिन्न गन्तव्यसँग जोड्ने सिद्धार्थ राजमार्गमा सुरुङ निर्माणको काम सम्पन्न भएपछि पहिरोको जोखिम हट्ने र आवागमन सहज हुने अपेक्षा गरिएको छ । यो आयोजना ७ अर्ब ३४ करोड रुपैयाँ लागतमा बन्दैछ ।



## सम्पादकीय

# नागरिकको अवस्था बदल्ने संकल्प गरौं

आज संविधान दिवस । नागरिकले चुनेका प्रतिनिधि रहेको संविधानसभाले संविधान बनाएको नौ वर्ष पुगेको छ । यो हिसाबले २०७२ साल असोज ३ गते जारी भएको संविधानको व्यवहारिक कार्यान्वयन भएको दशक पुग्दैछ ।

यो संविधानले नेपाली जनताले लामो समयदेखि गर्दै आएको एकताबद्ध संघर्षबाट वंश परम्परामा आधारित सामन्ती राजतन्त्रको अन्त्य भई नागरिकले शासन व्यवस्थाको नेतृत्व गर्ने लोकतान्त्रिक परिपाटी निर्माण गर्न सम्भव गराएको हो । नयाँ संविधानले संघीय लोकतान्त्रिक गणतन्त्रलाई विधिवत रुपमा संस्थागत गरेको छ । संघीयता, गणतन्त्र, धर्म निरपेक्षता, समावेशीकरण र समानुपातिक प्रतिनिधित्व सुनिश्चित गरी संविधानले सबै तह तप्का, वर्ग र क्षेत्रका नागरिकको हक अधिकार स्थापित गरेको छ । संघीय लोकतान्त्रिक गणतन्त्र शासन प्रणालीका रुपमामात्र नभई नागरिकको जीवन पद्धति र शैलीका रुपमा स्थापित गर्दै हामी अघि बढिरहेका छौं । संघीय लोकतान्त्रिक गणतन्त्र नागरिकको जीवन पद्धती र शैलीका रुपमा स्थापित गर्न हामी सबैको साझा संकल्प हुनुपर्छ । कार्यान्वयन हुँदै जाँदा सबै पक्षबाट स्वीकार्य पूर्ण सहमतिको दस्तावेजको रुपमा संविधान स्थापित भएको छ । साथै कार्यान्वयनका क्रममा देखिएका कतिपय कमी कमजोरीका बारेमा बहस र छलफल हुन थालेको छ । संविधान अपर्वतनीय हुँदैन्, यो गतिशील दस्तावेज हो । शासन प्रणालीलाई चुस्त बनाउन, नागरिक आकांक्षा पूरा गर्न र राष्ट्रिय हित तथा स्वार्थको रक्षाको लागि संविधान संशोधन हुनसक्छ । अहिले प्रमुख दुई दल नेपाली कांग्रेस र एमाले मिलेर सरकार गठन भएको छ । यी दुई दलले संविधान संशोधन गरी अघि बढ्ने समझदारी गरेका छन् । निर्वाचन प्रणालीलगायत कतिपय विषयलाई संशोधन गरेर अघि बढ्न सक्दा राजनैतिक स्थिरता कायम गर्न सकिन्छ भन्ने निष्कर्ष निकालेर अघि बढेका छन् । प्रमुख दुई दलले अरु दललाई समेत साथमा लिएर संविधान संशोधनको कामलाई अघि बढाउनु पर्छ ।

संविधान बनेपछि चर्केको दलीय झगडाको व्यवस्थापन नहुँदा शासन प्रणाली संस्थागत र बलियो हुन सकेको छैन । अहिले नागरिकले व्यवस्था फेरियो तर अवस्था फेरिएन भन्न थालेका छन् । आज नै नागरिकको अवस्था बदल्लने संकल्प गरौं । शासन प्रणालीलाई संस्थागत गर्दै उद्योगधन्दाको विकास, रोजगारी श्रृजना र युवा जनशक्तिलाई देशमै केही गरेर बस्न सक्ने बनाउन राजनैतिक नेतृत्वले योजना बनाएर कार्यान्वयन गर्न ढिलाइ गर्न हुन्न । नागरिकको मुहारमा खुशी देखिदा नै संविधान कार्यान्वयन सफल मानिने हो । र, राजनैतिक व्यवस्था बलियो र संस्थागत हुने हो ।

अन्त्यमा, संविधान दिवसको अवसरमा सबैमा शुभकामना !

# संविधानका प्रावधानहरू ढुङ्गाका अक्षरहरूले लेखिएका हुँदैनन्



पदमबहादुर कार्की

*यही संविधानको निरन्तरता र तदनुकुल यही व्यवस्थालाई सुदृढ गर्दै देशमा शान्ति सुव्यवस्था तथा अमनचयन कायम गर्दै संविधान र व्यवस्थाको दीर्घायुका लागि संवैधानका केही प्रावधानहरुमा पुनरावलोकन गरी प्रगतिशील संशोधनतर्फ राजनीतिक दलहरु अग्रसर हुन ढिला गर्नु हुँदैन ।*

संविधान देशको मार्ग चित्र तथा नागरिक अधिकारको बडापडापत्र हो । यो देशको मूल कानुन हो । देशलाई थितिमा राख्ने मुख्य दस्ताबेज हो संविधान यो कुनै पनि देशको शासन व्यवस्थाको मुख्य आधार हो । संविधान देशको सर्वोच्च कानुन हो । यो देशको शासकीय मार्ग चित्र तथा शासन सञ्चालनको मार्ग दर्शन हो । यसले राजकाज अथवा राजनीतिक शासन व्यवस्था सञ्चालनलाई वैधता प्रदान गर्दछ । संविधान शासक र शासितबिचको सम्बन्धलाई परिभाषित गर्ने दस्ताबेज हो । शासन सञ्चालनमा सरकारलाई शक्ति प्रदान गर्ने र त्यो शक्तिमाथि नियन्त्रण पनि गर्ने आधारपत्र हो । यसले जनता र सरकारबिचको शक्ति र सन्तुलनलाई व्यवस्थित गरेको हुन्छ । यसमा राज्यका विभिन्न अंग अवयवहरुको निर्धारण, तिनीहरुको काम, कर्तव्य र अधिकारको बाँडफाँड सार्वभौम शक्तिको प्रयोग विभिन्न अंगहरुबीच सन्तुलन र नियन्त्रण समेतको व्यवस्था भएको हुन्छ । यो देशको अनुशासनको नागरिक वडापत्र पनि हो । यही नेपाली वडापत्रका रुपमा रहेको नेपालको संविधान २०७२ को आजसम्मको अभ्यास अनुभव र त्यसको आलोकमा पुनरावलोकन र संशोधन समेतको आवश्यकता छ ।

नेपालको संवैधानिक विकास क्रम अनुसार नेपाल सरकार वैधानिक कानुन २००४ अन्तरिम शासन विधान २००७ नेपाल अधिराज्यको संविधान २०१५ नेपालको संविधान २०१९ नेपाल अधिराज्यको संविधान २०४७ नेपालको अन्तरिम संविधान २०६३ पछि नेपालको पछिल्लो संविधान २०७२ सातौं संविधान हो । यो जननिर्वाचित सार्वभौम संस्था संविधान सभाबाट निर्मित प्रथम संविधान हो । यसले ९ वर्षहरु व्यतित गरिसकेको छ । वर्गीकरणका हिसाबले १. लिखित र अलिखित २. एकात्मक र संघात्मक ३. अध्यक्षात्मक र संसदनात्मक ४. कठोर र नरम ५. गणतन्त्रात्मक र राजतन्त्रात्मक मध्ये नेपालको संविधान लिखित संघात्मक संसदीय नरम तथा गणतान्त्रिक संविधानमा पर्दछ । भाग ३५ धारा ३०८ र अनुसूची ९ समाविष्ट यो बृहत संविधानहो । संघीय लोकतान्त्रिक संसदीय गणतन्त्रात्मक शासन व्यवस्था जनतामा निहीत सार्वभौम र राजकीय सत्ता केन्द्र प्रदेश र स्थानीय गरी तीन तहको राज्य संरचना संघिय र प्रदेश संसदबाट निर्वाचित संवैधानिक राष्ट्रपति कार्यकारी प्रमुखका रुपमा संसदबाट निर्वाचित प्रधानमन्त्री प्रतिनिधि सभा र राष्ट्रिय सभा गरी द्विसदनात्मक संघीय संसद प्रधानमन्त्रीबाट अनतिक्रम्य संसद प्रधानमन्त्रीका विरुद्ध २ वर्षसम्म अविश्वास प्रस्ताव को निषेध देश भरीमा ७ प्रदेश प्रदेश संसदबाट निर्वाचित मुख्य मन्त्री र राष्ट्रपतिबाट नियुक्त प्रदेश प्रमुख समावेशी समानुपातिक निर्वाचन प्रणाली स्वतन्त्र न्यायपालिका र प्रेस स्वतन्त्रतासहित बृहद् मौलिक हक यस संविधानका मुख्य विशेषता हुन् ।

आफ्ना लागि आफैंले शासन चलाउने पद्धति नै प्रजातन्त्र हो । त्यस्तो प्रजातान्त्रिक शासनाधिकारको वैधता जनमतबाट प्राप्त हुन्छ । यस्तो व्यवस्थामा सार्वभौम सत्ताको आधार र स्रोत जनता हुन्छन् । जनता सार्वभौम सत्ताले सम्पन्न हुन्छन् । यसकै आधारमा देशको मौलिक संवैधानिक शक्ति (Original constituent power) पनि जनतामा नै निहित हुन्छ । जनप्रतिनिधिमूलक प्रणालीबाट यसको प्रयोग भै आएको छ । जननिर्वाचित संविधान सभामार्फत् संविधान निर्माण गर्दा उक्त संविधान सभाबाट जनतामा निहीत मौलिक तथा संवैधानिक शक्ति (Original constituent power) को प्रयोग भएको मानिन्छ । यस्तो शक्तिको प्रयोग सिद्धान्तत निःशर्त र निरपेक्ष हुन्छ । यद्यपी नेपालको संविधान २०७२ को निर्माणमा यस्तो हुन सकेन भन्ने आम जनगुनासो तथा असन्तुष्टी रही आएको छ । संविधान देशको सर्वोच्च कानुन भएकाले यसमा भएका मुख्य प्रावधानहरु दीर्घकालिन Perspective प्रकृतिका हुन्छन्, तर सबै प्रावधानहरु उत्तिकै महत्वका र दीर्घकालिन प्रकृतिका हुँदैनन् ।

हाम्रो सन्दर्भमा यस्ता प्रावधानहरु अत्यधिक छन् । त्यस प्रकारका सामान्य प्रावधानहरु हटाउन हेरफेर गर्न थपघट वा संशोधन गर्न संविधानले नै नियमित संसदलाई संविधान संशोधनको अधिकार (Amending Power of Constitution) प्रत्यायोजन गरेको हुन्छ । यही अधिकारको प्रयोग गरेर संसदले संविधानक सामान्य व्यवस्थाहरुमा संशोधन गर्न सक्दछ । यो अधिकार जनताद्वारा प्रत्यायोजित संसदको संवैधानिक शक्ति (Delegated Constituent Power of Parliament) को रुपमा रहेको हुन्छ । तर दीर्घकालिन तथा मौलिक आधारभूत महत्वका(Perspective and Fundamental) प्रावधानहरुको हकमा भने संसदलाई संवैधानिक शक्ति प्रत्यायोजन गरिएको हुँदैन र यो शक्ति जनतामै सुरक्षित गरिएको हुन्छ । अतयव संविधानमा भएका त्यस्ता मूलभूत प्रावधानहरुलाई संविधानको अपरिवर्तनीय असंशोधनीय आधारभूत संरचना मानिएको हुन्छ र जनताद्वारा निर्मित संविधानअन्तर्गत गठन हुने संसदलाई ति आधारभूत संरचनामा प्रतिकूल असर पर्ने गरी संविधानको संशोधन गर्ने अधिकार प्रत्यायोजन गरिएको हुँदैन । संविधानको आधारभूत संरचनाको यो सिद्धान्त लोकतान्त्रिक शासनका आधारभूत मूल्य मान्यतालाई अक्षुण्ण राख्न संविधान उपर संसदको अधिकारलाई सिमांकित गर्न र जनतामा निहीत सार्वभौम सत्ता र मौलिक संवैधानिक सर्वोच्चता कायम राख्न न्यायपालिकाको एउटा महत्वपूर्ण न्यायिक औजार (Instrument) को रुपमा विकास भएको पाइन्छ ।

राष्ट्रिय स्वाधिनता भू-अखण्डता जनतामा निहीत राजकीय र सार्वभौम सत्ता संघीय लोकतान्त्रिक गणतन्त्र धर्मनिरपेक्षता समेतका व्यवस्थाहरु यो संविधानका आधारभूत संरचना हुन् । यिनीहरुमा संशोधन गर्न संविधानले छुट दिएको छैन । तथापि यो संविधानको प्रयोग तथा अभ्यासको अनुभवले संविधानको विभिन्न प्रावधानहरुको आधारभूत संरचना समेतमा पुनरावलोकनको माग गर्दछ र संविधान संशोधनतर्फ अग्रसर हुन घच्घच्याइरहेको प्रतित हुन्छ ।

संविधान तथा त्यसका प्रावधानहरु ढुङ्गाका अक्षरले लेखिएका हुँदैनन् त्यहाँ सबै अकाट्य लिपी हुँदैनन् भन्ने लोकतान्त्रिक संवैधानिक विधि शास्त्रीय मान्यता अनुरुप नै नौ वर्ष पार गर्दै गरेको यो संविधानमा पनि केही संशोधनहरु भइसकेका छन् । जस्तै यसको धारा ४२ धारा ८४ र धारा २८६ र अनुसूची ३ निशान चिन्ह खास गरी नेपालको नक्शालाई परिमार्जन गर्न यो संविधानमा संशोधन भइसकेको छ । र, अब पनि यो संविधानमा भएका कैयौं प्रावधानहरु अनुभवका आधारमा अनुपर्युक्त देखिएका र समयानुकूल समाजको आवश्यकतालाई सम्बोधन गर्न असमर्थ भएका कारण तिनीहरुको पुनरावलोकन गरी संविधान संशोधन गर्न वाञ्छनीय हुन्छ । त्यस्तो संशोधनका निम्ति सोच्नुपर्ने विषयहरुमा प्रदेश सरकार, निर्वाचन प्रणाली चोटिलो हिसाबले जनसाधारण र राजनीतिक दहरुका बिचमा चर्चामा रहेका छन् ।

यही संविधानको निरन्तरता र तदनुकुल यही व्यवस्थालाई सुदृढ गर्दै देशमा शान्ति सुव्यवस्था तथा अमनचयन कायम गर्दै संविधान र व्यवस्थाको दीर्घायुका लागि संवैधानका केही प्रावधानहरुमा पुनरावलोकन गरी प्रगतिशील संशोधनतर्फ राजनीतिक दलहरु अग्रसर हुन ढिला गर्नु हुँदैन । यो संविधान संशोधनका सन्दर्भमा केही राजनीतिक शाक्तिहरु यसका आधारभूत संरचना अथवा अपरिवर्तनीय व्यवस्थाको विपरीतबाट पनि यसको संशोधनको माग उठाइरहेका छन् । त्यसतर्फ यस व्यवस्थाका प्रवर्द्धक तथा यो संविधान निर्माणका राजनीतिक शक्तिहरुले हेक्का राख्नु पर्ने हुन्छ ।

त्यसैगरी यो संविधान प्रतिश्रम नागरिक सरोकार पनि बढ्दै गइरहेको छ । संविधानप्रति नागरिकको चासो बढ्दै जानु र तदनुकूल शासक दलहरुले खासगरी संसदले भूमिका गर्न सक्षम हुने हो भने संविधानमा प्रगतिशील परिमार्जन गरेर यो संविधानलाई निरन्तरता दिन सम्भव हुन्छ, संविधान दिवसको शुभकामना !

# नेप्से ४ अंकले घट्यो, कारोबार साढे ५ अर्बमा सीमित



काठमाडौँ । बुधबार नेपाल स्टक एक्सजेन्ज (नेप्से) मा गिरावट आएको छ । नेप्सेका अनुसार यस दिन परिसूचक ४ अंकले घट्दै २ हजार ५७६.७६ को बिन्दुमा अडिएको हो ।

यसअघिको कारोबार सोमबार पनि नेप्से ५७ अंकले घटेको थियो ।

मंगलबारको काठमाडौँ उपत्यकामा सार्वजनिक बिदापछि खुलेको बजार पनि घट्दा कारोबार समेत खुम्चिन पुगेको छ । बुधबार ५ अर्ब ६६ करोड हाराहारीको कारोबार मात्रै भएको नेप्सेले जनाएको छ ।

यस दिन सबैभन्दा बढी सीइडीबी हाइड्रोपावरको सेयर कारोबार हुँदा १९७ कम्पनीले घाटाको कारोबार गरे ।

नेप्सेका अनुसार कारोबारको अन्तिमसम्म आइपुग्दा बुधबार बैंकिङ र निर्जीवन समूहबाहेकका सेयर घट्न पुग्यो ।

# उखुको जुस पिउँदा ध्यान दिनुपर्ने ७ कुरा



गर्मीका बेला हामी प्रायःजसो उखुको रस पिउँछौं । यसले आँतलाई शितल बनाउँछ । यसका कयौं फाइदा छन् । गर्भवती महिलाका लागि यो उत्कृष्ट पेय हो । यति मात्रै नभई यो डिहाइड्रेसनबाट बचाउन रामबाणसिद्ध हुन्छ । एनिमिया, क्यान्सरलगायतका रोगमा पनि उखुको रस लाभदायी हुन्छ । तर यसको अर्थ उखुको रस हरसमय फाइदाजनक हुन्छ भन्ने होइन । उखुको रस कहाँ पाइन्छ भन्ने कुराबाट पनि लाभ र हानी तय हुन्छ ।

**१. फोहोर पसल :**

तपाईं उखुको रसको सौखिन हुनुहुन्छ भने पाएसम्म पिउनुहुन्छ । तर फलफूल पसल र रस पेल्ने मेसिन कत्तिको सफा छ भन्नेमा पनि ध्यान दिनुपर्छ । पसलमा झिंगा भन्किइरहेको हुन सक्छ । त्यस्तो स्थानमा सकेसम्म जुस पिउनुहुन्न ।

***२. खराब उखु :***

सम्भव छ भने पेलेको उखु कत्तिको स्वस्थ छ भन्नेमा ध्यान दिनुपर्छ । सडेको उखुले स्वास्थ्यमा फाइदाको साटो हानी गर्न सक्छ । यस्तो उखुले पेटको समस्या पनि पैदा गर्न सक्छ । किरा लागेको उखुको जुस परेको छ भने बान्ताजस्ता समस्या निम्तन पनि सक्छन् ।

**३. फ्रिज गरेको जुस :**

उखुको रस ताजा पिउने हो भनेमात्र फाइदा हुन्छ । यदि फ्रिजमा राखेको जुस छ भने हानी हुन्छ । बासी जुसमा झिंगा पनि बसेको हुन सक्छ । किरा लागेको हुनसक्छ । यसले पसलबाट उखुको जुस खानुछ भने तत्काल पेलेको ताजा जुसमात्र पिउनुस् ।

**४. अन्य रसको मिश्रण :**

उखुको रसमा अन्य जुस मिलाइएको छ छैन भनेर याद गर्नुपर्छ । उखुको रसमा कुनै फल या तरकारी मिसाइएको हुनुहुन्न । कयौं पसलमा जुसका साथ पानी पनि मिसाइएको हुन्छ । यद्यपि पानी मिसाउनु त्यति हानिकारक होइन । तर स्वादमा भिन्नता आउँछ ।

**५. अधिकतम २ गिलासको जुस :**

उखुको रस स्वादिलो हुन्छ । पिउने हो भने जति पनि पिउन सकिन्छ । झट्ट हेर्दा यसबाट कुनै नोक्सानी हुँदैन । तर धेरै पिउनु गलत हो । विशेषज्ञका अनुसार एक दिनमा दुई गिलासभन्दा बढी उखुको रस मिसाउनुहुन्न । यदि जण्डिस छ भने मात्रा बढाउन सकिन्छ । धेरै उखुको रसले नोक्सानी पुऱ्याउन सक्छ ।

**६. संक्रमण हुने खतरा :**

सडकमा राखिएको मेसिनमा पेलेको रस पिउँदा संक्रमण हुने खतरा हुन्छ । किनभने त्यो फोहोर हुन्छ र धुलोमाटोयुक्त हुन्छ । यस्तो जुस पिउँदा पेटमा समस्या पनि हुन सक्छ ।

**७. मेसिनको तेल :**

उखुको रस पेल्ने मेसिन चलाउन प्रायजसो विशेष किसिमको तेल प्रयोग हुन्छ । यदि यस्तो तेल पेटमा गयो भने त्यसको नराम्रो असर पर्न सक्छ । मेसिनमा तेल प्रयोग कम गरिएको स्थानमा बनाइएको रसमात्र पिउने गर्नुपर्छ ।

स्वास्थ्य खबरबाट

# संघीयताको सवलिकरणले प्रदेश बलियो : मुख्यमन्त्री



दाङ । लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले संविधानले संघीयताको सवलिकरणका लागि प्रदेशलाई कानुनी रुपमा बलियो बनाउनुपर्ने बताएका छन् । संविधान दिवसको अवसरमा बुधबार लुम्बिनी प्रदेशमा आयोजना गरिएको संघीयता सवलीकरणसम्बन्धी अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री आचार्यले संघीयताको सवलिकरणका लागि प्रदेश सरकारलाई पूर्णरुपमा अधिकार सम्पन्न बनाइनुपर्ने बताएका हुन् । संविधानले प्रदेश र स्थानीय तहलाई दिएको अधिकारमाथि संघीय सरकारले हस्तक्षेप गर्न नहुने भनाइ उनको छ । 'संविधानले प्रदान गरेका अधिकार माथि कसैले हस्तक्षेप गर्न हुँदैन,' मुख्यमन्त्री आचार्यले भने-'संविधानले दिएको अधिकार संघले रोक्ने काम गर्न हुँदैन । समानिकरण अनुदान रोकेर राम्रो भएन् । प्रदेशलाई ऋणात्मक बनाउने काम भयो ।' मुख्यमन्त्री आचार्यले प्रदेश सरकार जनताको सारथि बनेको बताए । राजनीतिक अस्थिरताको कारणले केही समस्याहरु देखिए पनि अब ति समस्याहरु गौण भएर जाने स्पष्ट पारे । 'अहिले मुलुक सहि दिशातर्फ अघि बढीरहेको छ । संविधान निर्जीव बस्तु होइन, नमिलेको कुरा मिलाउन सकिन्छ,' उनले भने-'राजनीतिक अस्थिरताको अन्त्यको लागि संविधान संशोधन गरेर जान सकिन्छ । यो संशोधन गर्दा कसैलाई निषेध गर्न हुँदैन । सबैको सहमति र सहकार्यमा अघि बढाउनुपर्छ ।'

प्रदेश सरकारले संविधानमा उल्लेखित अधिकार अनुसार समानीकरण अनुदान प्राप्त गर्न नसक्दा आर्थिक क्षेत्रमा केही जटिलताहरु देखिएको चर्चा मुख्यमन्त्री आचार्यले गरे । 'समानीकरण अनुदानको रकम संघ सरकारले रोक्दा प्रदेशले आर्थिक संकट भोग्नु परेको छ,' उहाँले भने-'प्रदेशलाई अधिकार दिन संघीय सांसदहरुलेनै कन्जुस्याइँ गरेको सुन्नमा आएको छ । यसप्रकारको कन्जुस्याइँ स्वीकार्य हुँदैन ।' प्रदेश सरकारले यो ७ वर्षको अवधिमा जनताले अनुभूति गर्नेगरी काम गरेको उनले बताएका छन् ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय लुम्बिनी प्रदेशको समन्वय र फेडरलिजम एण्ड लोकलाइजेसन सेन्टरको आयोजनामा भएको अन्तरक्रिया कार्यक्रममा बोल्ने वक्ताहरुले राजनीतिक रुपमा संघीयताको अनुभूति गरिए पनि वित्तिय र प्रशासनिक संघीयताको पूर्ण अनुभूति गर्न नपाएको भन्दै त्यसतर्फ ध्यान दिन अनुरोध गरिएको छ ।

लुम्बिनी प्रदेशका सभामुख तुलाराम घर्तीमगरले संघीयताको सवलिकरणका लागि सबै इमानदार बन्नुपर्ने बताए । 'जुन ठाउँमा छौं । जे जिम्मेवारीमा छौं । इमानदार पूर्वक जिम्मेवारी निर्वाह गर्न जरुरी छ,' उनले भने-'साशन जस्तो भए पनि शासन चलाउने व्यक्ति इमानदार बन्नुपर्छ । अनि मात्रै संघीयतालाई बलियो बनाउन सकिन्छ ।'

संघीय सरकारले ऐन, कानुन नबनाउँदा प्रदेशले बनाएका ऐनहरु कार्यान्वयनमा आउन नसक्नु चुनौतीको विषय रहेको उनले जनाए । 'संघीय सरकार प्रदेश प्रति अनुदार बन्यो,' उनले भने-'अस्थिरताको अन्त्य गर्नेगरी संविधान संशोधन गरिनुपर्छ भन्ने मेरो मान्यता छ ।' राष्ट्रिय सभाका पूर्व सदस्य तथा फेडरलिजम एण्ड लोकलाइजेसन सेन्टरका अध्यक्ष खिमलाल देवकोटाले संघीय सरकारले प्रदेश र स्थानीय तहलाई बलियो बनाउनेगरी काम गर्नुपर्ने बताए । तर, संघ सरकारले अहिलेसम्म प्रदेश र स्थानीय तहलाई अधिकार दिन नखोज्नु संघीयता प्रति अनुदार बन्न खोजेको टिप्पणी उनले गरे । 'विकासको बहाक प्रदेश सरकार हो । सेवा प्रवाहको बहाक स्थानीय सरकार हुन्,' उनले भने-'सिंहदरबारका मन्त्रालय संख्या घटाएर प्रदेश र स्थानीय तहलाई बलियो बनाउनेगरी काम गर्नुपर्ने आजको आवश्यकता हो ।'

नेकपा एमाले लुम्बिनी प्रदेश संसदीय दलका उपनेता भोजप्रसाद श्रेष्ठले संघीयताको सवलिकरणको दायित्व सबैको रहेको बताए । 'संघीयतालाई जनताको बिचमा लैजाने, जन भावना संविधानले समेटेको छ । सबल पक्षको बारेमा अझैं गर्नुपर्ने काम धेरै छन्,' उनले भने-'तीन तहका सरकारले संघीयताको सवलिकरणको लागि भूमिका बढाउनुपर्ने छ । जनतामा विभिन्न प्रश्न उठेका छन् । तर, ती प्रश्नको जवाफ संविधानले दिएको छ ।' कार्यक्रममा प्रदेश सभा सदस्य, प्रमुख सचिव, सचिवलगायतले प्रदेशलाई संविधानले दिएका अधिकार कार्यान्वयन गर्न संघले रोक्न नहुनेमा जोड दिएका छन् ।

## खोप अभियानबारे अन्तरक्रिया तथा अभिमुखीकरण

**नवीन लोचनमगर**
*रोल्पा*

कोभिड -१९ रोगविरुद्ध खोप अभियानअन्तर्गत जिल्ला खोप समन्वय समितिका पदाधिकारी र सञ्चारकर्मीहरुसँग अन्तरक्रिया तथा अभिमुखीकरण कार्यक्रम स्वास्थ्य कार्यालय रेउघामा सम्पन्न भएको छ । जिल्ला खोप समन्वय समितिका संयोजक तथा जिल्ला समन्वय समिति रोल्पाका प्रमुख सीता आचार्यको अध्यक्षतामा आयोजित अभिमुखीकरणमा कोभिड-१९ विरुद्धको खोप लगाउने सम्बन्धमा छलफल गरिएको थियो ।

कोभिड रोगलाई सामान्य रुपमा लिएको तर यसको जोखिम भने कायमै रहेका कारण नेपाल सरकारले खोप कार्यक्रमलाई निरन्तर जारी राखेको स्वास्थ्य कार्यालय रोल्पाका प्रमुख विशाल सुवेदीले बताए । रोल्पामा असोज ६ गतेदेखि १० गतेसम्म १२ वर्ष वा सोभन्दा माथिका उमेर समूहका लागि खोप कार्यक्रम सञ्चालन हुनेछ ।

दशवटै स्थानीय तह मातहतका स्वास्थ्य संस्था तथा खोप केन्द्रहरुबाट खोप लगाइने स्वास्थ्य कार्यालय रोल्पा प्रमुख विशाल सुवेदीले बताए । यस अवधिमा पहिलो, दोस्रो वा अतिरिक्त बुस्टर मात्रा लगाउन सकिनेछ । तर कोभिडविरुद्धको खोप लगाएको एकवर्ष पुगेको हुनुपर्नेछ । १२ वर्ष वा सोभन्दा माथिका उमेर समूहलाई यसपटक लगाइने स्वास्थ्य कार्यालयले जनाएको छ ।

अभिमुखीकरण कार्यक्रममा प्रस्तुतिकरण गर्दै सुवेदीले कोभिडको समयमा रोल्पामा ५५ जनाले ज्यान गुमाएको स्मरण गर्दै विगतको अनुभवलाई हेर्दा खोप लगाएकाहरुमा भने त्यो जोखिम कम हुने जनाए । कोभिडविरुद्धको खोप कार्यक्रम हरेक वर्ष सञ्चालन भइरहे पनि यसमा सहभागी संख्या भने घट्दै गएको बताए । रोल्पामा कोभिडविरुद्धको पहिलो मात्रा ७२.८ प्रतिशतले लगाएका थिए भने दोस्रो अर्थात् पुरा मात्रा ७७.३ प्रतिशतले लगाएको तथ्यांक छ ।

तेस्रो मात्रा अर्थात बुस्टर डोज ४२.२ प्रतिशत र चौथो मात्रा १.९ प्रतिशतले मात्र लगाएको देखिन्छ ।

रोल्पामा कुल जनसंख्यामध्ये १२ वर्षमाथिको संख्या करिब १ लाख ६८ हजार ६४३ रहेको छ । हाल ३९ हजार ९५४ डोज खोप रहेको छ । यसरी हेर्दा लक्षित जनसंख्याको तुलनामा मौज्दात खोप कम भए पनि आवश्यकताको आधारमा थप गर्न सकिने स्वास्थ्य कार्यालयले जनाएको छ । यो अभियानका क्रममा ३०३ वटा खोप केन्द्रमा ६०६ जना स्वास्थ्यकर्मी परिचालित हुनेछन् ।अभिमुखीकरण कार्यक्रममा बोल्दै जिल्ला खोप समन्वय समितिका संयोजक तथा जिसस प्रमुख सीता आचार्यले कोभिडविरुद्धको खोप कार्यक्रमलाई प्रभावकारी बनाउन राज्यका सबै संयन्त्र तथा मिडियाकर्मीले विशेष महत्व दिएर काम गर्नुपर्ने बताइन । त्यस्तै रोल्पा नगरपालिकाका प्रमुख सुरेन्द्र थापा घर्तीले कोरोनाविरुद्धको खोप कार्यक्रमका बारेमा जनचेतना पनि आवश्यक रहेको बताए । खोपका विषयमा कतिपयमा विभिन्न भ्रमहरु पनि रहेको बताउँदै उनले खोपका कारण धेरै जोखिम न्यूनीकरण हुन्छ भन्ने कुरा सबैलाई स्पष्ट बनाउनुपर्ने जनाए ।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी खिमबहादुर रायमाझी, रोल्पा अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. प्रमोद कट्टेल, प्रमुख कोष तथा लेखा नियन्त्रक खगेन्द्र अर्याल, रोल्पा उद्योग वाणिज्य संघका अध्यक्ष केशवकुमार आचार्य, नेपाल पत्रकार महासंघ रोल्पाका अध्यक्ष नवीन लोचनमगर, नेपाल रेडक्रस सोसाइटी रोल्पाका उपसभापति टीकाकुमारी बुढालगायतको आतिथ्यता रहेको थियो । स्वास्थ्य कार्यालयका मोतीराज न्यौपानेको सञ्चालन रहेको कार्यक्रममा जनस्वास्थ्य निरीक्षक डिल्लीबहादुर केसीको स्वागत रहेको थियो ।

# आन्तरिक पर्यटकको रोजाइमा बराहताल र बुकीपाटन



ढोरपाटन (बागलुङ) । दुई वर्षदेखि तमानखोलाको बराहताल र ढोरपाटनको बुकी क्षेत्र आन्तरिक पर्यटकको रोजाइमा पर्न थालेको छ । बुर्तिबाङ बजारबाट नजिक पर्ने बराहताल क्षेत्र तथा बराहताल हुँदै ढोरपाटनको बुकी क्षेत्र उत्कृष्ट 'ट्रेकिङ'को गन्तव्यका रुपमा परिचित हुँदै गएको हो । तल्लो क्षेत्रदेखि उच्च पहाडसम्मका पर्यटकीय गन्तव्यमा नयाँ पुस्ताको ट्रेकिङ मोह पनि बढेको बढ्न थालेपछि बराहतालमा पूर्वाधार निर्माणमा जोड दिइएको तमानखोला गाउँपालिकाका अध्यक्ष जोकलाल बुढा मगरले बताए ।

पछिल्लो समय घुमफिर गर्ने संस्कृति बढ्दै गएको छ । गाउँ तथा सहरका युवा पुस्ता घुमफिरमा रम्न थालेपछि बागलुङका धार्मिक तथा पर्यटकीय क्षेत्रको प्रचारप्रसार हुन थालेको उनले बताए ।

एक दशक अगाडिसम्म सुनासन रहेका पर्यटकीय क्षेत्रमा पछिल्लो समय आन्तरिक पर्यटकको चहलपहल बढ्न थालेको छ । वर्षौं अगाडिदेखि चर्चामा रहेका पर्यटकीय क्षेत्रसहित नयाँ गन्तव्यमा आन्तरिक पर्यटक पुग्न थालेका मगरले उल्लेख गरे । ढोरपाटन उपत्यका, गाईघाट झरना, बागलुङ कालिका, पञ्चकोट, गाजाको दहलगायत दर्जनौं पर्यटकस्थल वर्षौंदेखि चर्चामा रहेका भन्दै पछिल्लो पाँच वर्षमा बुकीपाटन, रिगताल, बराहताल, पातीहाल्ने, टेवाको मूर्तिकला चर्चामा आउन थालेका उनको भनाइ छ ।

तमानखोला गाउँपालिकाका अध्यक्ष बुढामगरले बराहताल क्षेत्रको विकासका लागि हालसम्म रु एक करोड बढी लगानी भइसकेको जानकारी दिए । यहाँ पूर्वधार निर्माण हुनुपूर्व कहिलेकाहीँ नजिकैको गाउँमा स्थानीय घुम्न गए पनि बाहिरी ठाउँबाट आउनेको कमी थियो । पालिकाले ताल संरक्षणसँग बराह मन्दिर, पदमार्ग निर्माणलगायत संरचना बनाएपछि यहाँ दैनिकजसो आन्तरिक पर्यटक आउने गरेका उनले बताए ।

अध्यक्ष मगरले भने-"बराहताल आकर्षक छ, यहाँबाट उच्च पहाडी क्षेत्रसहित हिमशृंखला देख्न सकिने भएकाले आन्तरिक पर्यटकको रोजाइमा पर्न थालेको छ । हिउँदमा लालीगुराँसले राताम्य बन्ने बराहताल क्षेत्र रोमाञ्चक देखिन्छ, समुद्री सतहबाट दुई हजार छ सय मिटरको उचाइमा रहेको यो क्षेत्रको पूर्वाधार विकास गर्न प्राथमिकतामा राखेर काम गरिरहेका छौं ।"

नेपालको एक मात्र सिकार आरक्ष ढोरपाटनमा पर्ने बुकीपाटन पनि गत वर्षदेखि बढी चर्चामा आएको छ । बुकी क्षेत्र ट्रेकिङ गर्नेका लागि उत्कृष्ट गन्तव्य बनेको छ । ढोरपाटन उपत्यकाबाट करिब चार घण्टाको पैदलयात्रामा पुग्न सकिने बुकीबाटन तीन हजारदेखि चार हजार पाँच सय मिटरको उचाइसम्म पर्दछ ।

बुकीपाटन चढ्ने याम साउनदेखि असोजसम्म भएकोले यस सिजनमा करिब दुई हजार बढी पर्यटक यहाँ पुग्ने गरेको स्थानीय श्याम पुन मगरले बताए । पहिले ढोरपाटन उपत्यका आएर फर्किने पर्यटक अहिले हिँडेरै बुकीपाटन आउने गरेको उनले जानकारी दिए । बुकीपाटनमा हजारौँको संख्यामा भेडाका बथान, गोठाला र मनमोहक उच्च पहाडसहित दर्जनौं हिमशृंखला अवलोकन गर्न सकिने पुनले उल्लेख गरे । बुटवलबाट यहाँ आएका विवेक शर्माले बुकीपाटन मनोरम रहेको बताए । ढोरपाटनसम्म गाडीमा पुगेर चार घण्टा पैदल यात्रामार्फत् यहाँ पुगेको उनले जानकारी दिए ।ढोरपाटनबाट पदैलयात्रा गरेर बुकी पुग्दा वन्यजन्त, चराचुरुङ्गी, खोलानाला, गोठाला र प्रकृतिसँग रमाउन पाइने भन्दै ठाउँ-ठाउँमा बुकी क्षेत्रको नामसहित सूचनासहितको जानकारी राख्नु आवश्यक रहेको शर्माले बताए । बुकीपाटन पुग्न बाटोमा शौचालय र विश्रामस्थल निर्माण गर्नुपर्नेमा उनले जोड दिए ।


## सच्याइएको

मिति २०८१।०५।३१ गते यस राष्ट्रिय दैनिक लुम्बिनी पत्रिकामा प्रकाशित श्री बाल शिक्षा निकेतन माध्यमिक विद्यालय पाल्हीनन्दन-१, सुनरी नवलपरासीको शिक्षक आवश्यकता सम्बन्धी सूचनामा मिति २०८१।०५। ३० हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको छ ।

**विज्ञापन शाखा**

## पेन्सन सटिफिकेट हराएको सूचना !

मेरो निम्न विवरण भएको पेन्सन सटिफिकेट यहि मिति २०८१ /०४ /२५ गते भारतबाट नेपाल आउने क्रममा हराएकोले फेला पार्नु हुने मानुभावले निम्न सम्पर्क नम्बर वा नजिकको प्रहरी कार्यालयमा बुझाई दिनुहुन अनुरोध छ ।

**नाम:टेक बहादुर थापा**

**पल्टन: Bs F नं.८९/५९००**

**ठेगाना:सन्धिखर्क नगरपालिका वडा नम्बर ११ डिभर्ना अर्घाखाँची ।**

**सम्पर्क नम्बर :९८६७१८७८८३**


# विद्युत् व्यापार सम्झौताका लागि नेपाल र बङ्गलादेशबीच सघन छलफल

काठमाडौँ । बङ्गलादेशमा भएको राजनीतिक परिवर्तनका कारण पछाडि सरेको नेपाल र बङ्गलादेशबिचको विद्युत् व्यापार सम्झौताका विषयमा पछिल्ला दिनमा सघन छलफल सुरु भएको छ । गत भदौ ३० गते ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्कासँग नेपालका लागि बङ्गलादेशका राजदूत सलाहुद्धीन नोमन चौधरीले गरेको शिष्टाचार भेटमा बिजुली व्यापारका विषयमा महत्वपूर्ण छलफल भएको थियो । बङ्गलादेशका लागि नेपालका राजदूत घनश्याम भण्डारीले त्यहाँको अन्तरिम सरकारका प्रमुख मुहम्मद युनुससँग मङ्गलबार गरेको भेटवार्तामा पनि सोही विषयमा छलफल भएको जनाइएको छ । यसअघि गत असारमै विद्युत् व्यापारसम्बन्धी सम्झौतामा हस्ताक्षर गर्ने तयारी गरिएको थियो । दुई देशका ऊर्जा सचिवस्तरीय बैठकमा अवसरमा सम्झौताको तयारी गरिए पनि विभिन्न कारणले तत्कालीन समयमा यसले मूतरुप लिन सकेको थिएन । यसअघि बङ्गलादेशले पहिलो चरणमा ४० मेगावाट बिजुली लैजान सहमति जनाइसकेको छ ।

पछिल्लो समय बङ्गलादेशमा भएको राजनीतिक परिवर्तनका कारण नेपाल, भारत, बङ्गलादेशका ऊर्जामन्त्रीको उपस्थितिमा सम्झौताको तयारी गरिएको भए पनि अन्तिम समयमा आएर स्थगित भएको थियो । बङ्गलादेशको अन्तरिम सरकारले बिजुली लैजाने विषयमा सघन छलफल गरिरहेको र आवश्यक पहल गरिरहेको सन्दर्भमा अब छिट्टै सम्झौता हुने वातावरण निर्माण भएको ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयले जनाएको छ । ऊर्जा मन्त्री खड्कासँग भएको भेटमा नेपाल र बङ्गलादेशबिचका ऊर्जा सहकार्यका विविध विषयमा छलफल भएको थियो । सो भेटमा ऊर्जामन्त्री खड्काले नेपालमा जलविद्युत्को प्रचुर सम्भावना रहेको र बङ्गलादेशमा बढ्दो ऊर्जा आवश्यकता रहकाले दुई देशबिचको ऊर्जा सहकार्यलाई अझ गहिरो बनाउन भेटले सहयोग पुग्ने बताएका थिए ।

सो अवसरमा दुई देशका सचिव तथा सहसचिवस्तरीय बैठकमा ठूला जलविद्युत् आयोजना निर्माणमा सहकार्य, अन्तरदेशीय प्रसारण लाइनमा भारतीय पक्षको सहमति र विद्युत् व्यापारको सुरुवातलगायत विभिन्न महत्वपूर्ण विषयमा छलफल तथा निर्णय हुने भएकाले उक्त बैठक फलदायी हुने विश्वास व्यक्त गरिएको थियो ।

ऊर्जामन्त्री खड्काले नेपाल विद्युत् प्राधिकरण, बङ्गलादेश पावर डेभलपमेन्ट र भारतको विद्युत् व्यापार निगमबीच ऐतिहासिक त्रिपक्षीय विद्युत् व्यापार सम्झौतामा हस्ताक्षर गरी नेपालले भारतीय प्रसारण लाइनको प्रयोग गरी वर्षायाममा बङ्गलादेशमा विद्युत् निर्याततले दुई देशबिच विद्युत् व्यापारको ढोका खोल्ने बताएका थिए ।

कूल छ सय ८० मेगावाटको सुनकोशी जलाशययुक्त जलविद्युत् आयोजनाको निर्माण र विकासका लागि नेपाल विद्युत् प्राधिकरण र बङ्गलादेश पावर डेभलपमेन्ट बोर्डबिच संयुक्त उपक्रम सम्झौता हस्ताक्षरका लागि आवश्यक प्रक्रिया अगाडि बढिसकेको छ । त्यसमा बङ्गलादेश सरकार र यहाँस्थित राजदूतावासबाट आवश्यक पहल गर्नु जरुरी रहेको उनले उल्लेख गरेका छन् ।सो भेटमा राजदूत चौधरीले बङ्गलादेशले निकट भविष्यमा नै ४० मेगावाट विद्युत् खरिद सम्झौता गरेर नेपाल र बङ्गलादेशबीचको ऊर्जा सहकार्यलाई अगाडि बढाउन खोजेको बताएका थिए । उनले विद्युत् उत्पादन, व्यापार र प्रसारण लाइनको विकासमा बङ्गलादेशले आवश्यक सहयोग गर्ने धारणा राखेका थिए । नेपाल विद्युत् प्राधिकरणले वर्षायामको छ महिना पाँच वर्षसम्म ४० मेगावाट बिजुली बङ्गलादेशलाई बिक्री गरिने जनाएको छ । प्रतियुनिट ८ दशमलव १७ टाका (नौ रुपैयाँ ३० पैसा) मा प्राधिकरणले बिजुली बिक्री गर्नेछ ।

बङ्गलादेशका अन्तरिम सरकारका प्रमुख युनुससँग राजदूत भण्डारीले गरेको शिष्टाचार भेटका क्रममा पनि ४० मेगावाट बिजुलीको विषयमा नै छलफल भएको बताइएको छ ।

नेपाल र भारतबिच विद्युत् आयात निर्यातका लागि हाल सञ्चालनमा रहेको ढल्केबर-मुजफ्फपुर अन्तरदेशीय लाइन हुँदै बिजुली भारतीय भूमिबाट बङ्गलादेश जानेछ । प्राधिकरणले तोकिएको मूल्य भारतको मुजफ्फरपुर बिन्दुमा पाउनेछ । प्रसारण लाइनको प्राविधिक चुहावट भने ढल्केबर-मुजफ्फपुरबीचको प्राविधिक चुहावट भने प्राधिकरणले नै व्योहोर्नेछ ।

भारतीय भूमिमा रहेको बहरामपुर-भेरमारा चार सय केभी प्रसारण लाइन हुँदै बिजुली बङ्गलादेश जानेछ । साङ्केतिक रुपमा नै भए पनि बङ्गलादेशमा बिजुली बिक्री हुनु नेपालको सफलताका रुपमा लिइएको छ । भारतपछि उपक्षेत्रीय रुपमा नेपालको बिजुली पुग्नु आफैँमा महत्वपूर्ण हुने सरकारको बुझाइ छ । प्राधिकरणले भारतीय कम्पनी एनभिभिएनलाई बिजुली उपलब्ध गराउनेछ । सोही कम्पनीले नेपाली बिजुली बङ्गलादेश पुर्‍याउनेछ । खासगरी, प्राधिकरणले चिलिमे र त्रिशूली जलविद्युत् केन्द्रबाट उत्पादित बिजुली बङ्गलादेश निर्यात गर्ने बताउँदै आएको छ । बङ्गलादेश सरकारले सन् २०४० सम्म नेपालबाट नौ हजार मेगावाट बिजुली लैजाने यसअघि नै घोषणा गरिसकेको छ । नेपाल र भारतबिच १० वर्षमा १० हजार मेगावाट बिजुली निर्यात गर्नेसम्बन्धी दीर्घकालीन सम्झौता भइसकेको छ । त्यसो त बङ्गलादेशमा समेत बिजुली निर्यात भएको खण्डमा त्यसले रणनीतिक महत्व राख्नेछ । गत साउन १३ गते नेपाल, भारत र बङ्गलादेशका ऊर्जामन्त्रीको उपस्थितमा त्रिपक्षीय सम्झौताको तयारी गरिएको थियो । नेपाल र बङ्गलादेशका ऊर्जा सचिवस्तरीय बैठकको आयोजना गरिएको थियो । बङ्गलादेशको राजनीतिक परिवर्तनले सो कार्यक्रम स्थगित भएको थियो ।

नेपाल र बङ्गलादेशबीच ऊर्जा क्षेत्रमा सहकार्य गर्नेसम्बन्धी द्विपक्षीय समझदारीमा २०७५ सालमा नै हस्ताक्षर भइसकेको छ । प्राधिकरणले गरेको प्रक्षेपणअनुसार वर्षायाममा बिजुली बिक्री गरेर रु एक अर्ब २३ करोड बराबर आम्दानी हुनेछ । बङ्गलादेशले भारतीय कम्पनी ग्रान्धी माल्लिकार्जुन राव (जीएमआर)ले निर्माण गर्न लागेको नौ सय मेगावाट क्षमताको माथिल्लो कर्णाली जलविद्युत् आयोजनाबाट उत्पादन हुने पाँच सय मेगावाट बिजुली लैजान इच्छा व्यक्त गरेको छ । नेपाल र बङ्गलादेशका बिचमा बिजुली आदानप्रदानसम्बन्धी विषयमा पटक-पटक छलफल भइसकेको छ । सरकारी तहका अलावा निजी क्षेत्रले पनि एक अर्कासँग सहकार्य गर्ने विषयमा यसअघि नै छलफल भइसकेको छ । सुनकोशी तेस्रो जलविद्युत् आयोजना निर्माण र विकासका लागि प्राधिकरण र बङ्गलादेशको पावर डेभलपमेन्ट बोर्डबीच संयुक्त उपक्रम निर्माण गर्ने समझदारी २०८० जेठ २ गते सम्पन्न ऊर्जा सचिवस्तरीय संयुक्त निर्देशक समितिको पाँचौं बैठकले गरिसकेको छ । सोही बैठकले दुई देशबिच विद्युत् व्यापारका लागि अन्तरदेशीय प्रसारण लाइनका सम्भाव्य विकल्पको अध्ययन गर्न प्राविधिक टोलीलाई निर्देशन दिने निर्णय गरेको थियो ।

दुई देशका ऊर्जा सचिवस्तरीय संयन्त्रको पहिलो बैठक २०७५ मङ्सिर १७ र १८ मा काठमाडौँमा सम्पन्न भएको थियो । सोही बैठकले नेपालको बिजुली बङ्गलादेश लैजान सहजीकरण गर्ने विषयमा प्रारम्भिक छलफल भएको थियो । विसं २०७५ साउन २५ गते तत्कालीन ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री वर्षमान पुन र बङ्गलादेशका विद्युत् ऊर्जा तथा खनिज स्रोत राज्यमन्त्री नसरुल हमिदबिच विद्युत् क्षेत्रमा द्विपक्षीय सहकार्य सुरुवात गर्ने प्रयोजनाका लागि एक समझदारीमा हस्ताक्षर भएको थियो । सोही समझदारीपछि दुई देशका ऊर्जा सचिवस्तरीय संयन्त्रको बैठक नियमित बस्दै आएको छ । हाल प्राधिकरणले भारतलाई मात्रै बिजुली निर्यात गर्दै आएको छ । प्राधिकरणले मङ्गलबार मात्रै १८ हजार एक सय ६४ मेगावाट घण्टा बराबरको बिजुली भारतलाई निर्यात गरेको छ । देशभित्र कूल माग दुई हजार एक सय २६ मेगावाट बराबर छ ।


## घर बहालमा लिने सम्बन्धमा सूचना

(प्रथम पटक प्रकाशित मिति २०८१/०६/०३ गते)

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त गरी १९ वटा जिल्लामा ३९ वटा शाखा कार्यालय मार्फत वित्तीय सेवा प्रवाह गर्दै आईरहेको यस जनउत्थान सामुदायिक लघुवित्त वित्तीय संस्था लि. को केन्द्रीय कार्यालय हाल भईरहेको स्थानबाट स्थानान्तरणको लागि बुटवल उपमहानगरपालिका वडा नं. ९, १० र ११ भित्र थ्रि फेज बिजुली र पार्किङ्ग सुविधा भएको करिव ३,२०० वर्ग फिट भन्दा माथि क्षेत्रफल भएको भवन कम्तीमा १० वर्ष भाडामा दिन इच्छुक घरधनीहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र देहायका विवरणहरु स्पष्ट खुलाई प्रस्तावित बहाल क्षेत्र तथा मासिक बहाल रकम (कर सहित) समेत उल्लेख गरी तल उल्लेखित ठेगानामा आफ्नो शिलबन्दी प्रस्ताव पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

**शिलबन्दी प्रस्तावमा खुलाउनु पर्ने विवरणहरु:**

१. घरधनीको निवेदन, सर्म्पक व्यक्तिको नाम, ठेगाना र सर्म्पक नम्बर
२. भाडामा दिने प्रस्तावित भवनको फोटो, जग्गा धनीको प्रमाणपुर्जा, धनीको नागरिकता र निर्माण सम्पन्न प्रमाणपत्रको प्रतिलिपि ।
३. उपमहानगरपालिकालाई तिर्नुपर्ने घर बहाल कर तथा अन्य तिरो तिरेको रसिदको प्रतिलिपि ।

**अन्य शर्तहरु:**

१. प्रस्तावित भवनमा कुनै किसिमको स्वामित्व सम्बन्धी विवाद नभएको हुनुपर्नेछ ।
२. प्रस्तावित भवन पिलर सिस्टममा निर्माण भएको हुनुपर्नेछ ।
३. पार्किङ्ग सुविधा भएको, खाने पानीको व्यवस्था भएको, निर्माण सम्पन्न प्रमाण पत्र प्राप्त तथा भूकम्प प्रतिरोधात्मक प्रविधिबाट निर्माण भएको भवनलाई प्राथमिकता दिईनेछ ।
४. कुनै पनि प्रस्ताव स्वीकृत तथा अस्वीकृत गर्ने अधिकार वित्तीय संस्थामा निहीत रहनेछ ।

**शिलबन्दी प्रस्ताव पेश गर्ने स्थान:**

**जनउत्थान सामुदायिक लघुवित्त वित्तीय संस्था लि.**
**केन्द्रीय कार्यालय, बुटवल-१०, कालिकानगर, रुपन्देही**
**सम्पर्क नं. ०७१-४३८१७१, इमेल: info@jucbank.com.np**



## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्क:
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्र: लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्क:
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२



**प्रयोगविहीन झोलुंगे पुलः**
दाङको राजपुर गाउँपालिकाको गङ्गदी र लमही नगरपालिका-९ रिहार जोड्ने राप्ती नदीमा बनेको प्रयोगविहीन झोलुङ्गे पुल। नजिकै मोटरेवल पुल निर्माण भएपछि अहिले यो पुल प्रयोगविहीन भएको छ। तस्विरःदीपक बोहरा /रासस

# उद्योग व्यापार संघ-लुम्बिनी केबलकार सम्झौता




बुटवल। उद्योग व्यापार संघ बुटवल र लुम्बिनी केबलकार लि. बिच व्यवसायिक सहकार्यसम्बन्धी सम्झौता भएको छ। सम्झौताअनुसार दुई संस्थाबिच एक अर्काको व्यवसाय प्रवर्द्धनमा सहयोग आदानप्रदान गर्ने सहमति भएको छ।

यस्तै उद्योग व्यापार संघ बुटवलका सदस्यहरुलाई लुम्बिनी केबलकारको टिकट दर ५ सय रुपैयाँ मात्र कायम गर्ने सम्झौता समेत भएको छ। यो छुट सुविधा लिन संघका सदस्यहरुले सदस्यता नवीकरण भएको परिचयपत्र अनिवार्य रुपमा देखाउनुपर्नेछ। बुधबार संघको सचिवालयमा संघका अध्यक्ष विष्णुप्रसाद पाण्डे र केबलकारका अप्रेसन म्यानेजर डिएन कायस्थ सैंजूबीच सम्झौतापत्रमा हस्ताक्षर र सम्झौतापत्र आदान प्रदान भएको छ। सो अवसरमा संघका अध्यक्ष विष्णुप्रसाद पाण्डेले लुम्बिनी केबलकार बुटवलको मात्र नभई प्रदेशकै गहना भएको चर्चा गर्दै यसको प्रवर्द्धनमा संघले खुलेर सहयोग गर्ने बताए। केबलकारको दीगो सञ्चालनले बुटवलको व्यवसाय चलायमान हुने उनले बताए। अध्यक्ष पाण्डेले संस्थाको आजीवन सदस्यका लागि समेत आग्रह गरे।

नेपाल उद्योग व्यापार महासंघका केन्द्रीय महासचिव खिमनारायण पराजुलीले बुटवलमा सञ्चालनमा आएको प्रदेशकै पहिलो केबलकारलाई सफल बनाउने दायित्व यहाँका व्यवसायिक संस्थाहरुको भएको उल्लेख गर्दै यसमा उद्योग व्यापार संघ बुटवल र नेपाल उद्योग व्यापार महासंघ अग्रमोर्चामा रहेर सहकार्य गर्ने बताए। महासचिव पराजुलीले आफ्नो संस्थाको संगठन नेपालमा ७० जिल्लामा र भारतका विभिन्न राज्यमा समेत भगिनी सम्बन्ध रहेकाले आन्तरिक र भारतीय पर्यटक ल्याउन पहल गर्ने प्रतिबद्धता जनाए। केबलकारसँगको सम्बन्ध दीर्घकालीन हुने भन्दै उनले केबलकारलाई आइपर्ने समस्या समाधानमा समेत हातेमालो गर्ने प्रतिबद्धता जनाए।

केबलकारका अप्रेसन म्यानेजर डीएन कायस्थ सैंजुले केबलकारलाई सफलरुपमा सञ्चालनका लागि बुटवलका व्यवसायिक संस्थाको महत्वपूर्ण भूमिका हुने भन्दै आफ्ना साधारणसभा, अधिवेशन, पिकनिकहरु बसन्तपुर कामाख्याधाममा आयोजना गरेर सहयोग गर्न आग्रह गरे।

बसन्तपुरको हावापानी गर्मीमा शितल र जाडोमा न्यानो हुने भएकाले जुनसुकै मौसमका लागि अनुकूल वातावरण भएकाले त्यसको सदुपयोग गर्न आग्रह गरे। लुम्बिनी केबलकार विश्वकै सबैभन्दा अत्याधुनिक प्रविधिको, सुरक्षित र सय वर्ष इतिहास भइ विश्वभर १५ हजार बढी केबलकार सञ्चालनमा रहेको अष्ट्रियाको डोपलमेयर कम्पनीको केबलकार भएकाले यसको निर्माण र सञ्चालन लागत अन्य कम्पनीका भन्दा बढी हुने भए पनि दुरीका हिसाबले बुटवलमा टिकट शुल्क महँगो नभएको स्पष्ट पारे।

कार्यक्रममा संघका निवर्तमान अध्यक्ष गोविन्दराज गैरे, वरिष्ठ उपाध्यक्ष लोकनाथ पन्थी, उद्योग उपाध्यक्ष पदम जिसी, वाणिज्य उपाध्यक्ष केशव श्रीस, महासचिव यमलाल मरासिनी, केबलकारका म्यानेजर प्रज्ज्वल घिमिरे, विभागीय प्रमुख रुपेश पौडेललगायतले केबलकारको टिकटमा छुट सम्झौताले संघका सदस्य व्यवसायीलाई थोरै भए पनि सुहलियत भएको र आपसी सम्बन्ध प्रगाढ बनाउन भूमिका खेलेको बताए।

# ब्रिटिस ग्रामर स्कुलमा नमूना संसद बैठक





तिलोत्तमा। विश्वमै शैक्षिक क्षेत्रमा अग्रणी संस्था ब्रिटिस एजुकेसन ग्रुपको व्यवस्थापनमा सञ्चालित ब्रिटिस ग्रामर स्कुल (नमस्ते एकडेमी) मा नमूना प्रतिनिधिसभा बैठक सम्पन्न भएको छ।

संघ, प्रदेश तथा स्थानीय तहको सभा कसरी सञ्चालन हुन्छ र त्यहाँ जनताका समस्या र सरोकारका विषय सांसदहरुले कसरी उठाउँछन्, त्यसमा सम्बन्धित मन्त्रीहरुले कसरी जवाफ दिन्छन्, लगायतका विषय विद्यार्थीलाई व्यवहारिक अभ्यासमार्फत् सिकाइएको र देखाइएको थियो। सभा सञ्चालनका नीति नियम, आचार संहिता, मर्यादा के कसरी व्यवस्थित गरिएको हुन्छ भन्ने विषय पनि देखाइएको थियो।

यस्तै बैठकमा सरकार पक्षका दल र तिनका सांसद, विपक्षी दलका सांसद बस्ने रो (लहर), संसदले उठाएका प्रश्न र सम्बन्धित मन्त्रालयका मन्त्रीले दिने जवाफ तथा समग्रमा प्रधानमन्त्रीको सम्बोधनलाई समेत बैठकमा प्रस्तुत गरिएको थियो। बैठककमा राष्ट्रपतिको भूमिकामा प्रज्ज्वल लिम्बु थिए भने बैठकको सञ्चालन सभामुख अशुमन ढकालले गरेको विद्यालयका प्राचार्य दिलबहादुर बुढाथोकीले बताए।

कार्यक्रममा प्रतिनिधि सभाका सदस्यहरुले शिक्षा, परराष्ट्, वन तथा वातावरण, अर्थ, उद्योग, कृषि, महिला तथा बालबालिका, गृहलगायतका मन्त्रालयसँग सम्बन्धित विषयमा प्रश्नहरु गम्भीरता साथ उठाएका थिए भने सोसँग सम्बन्धित विषयको जवाफ सम्बन्धित मन्त्रीहरुले दिएका थिए।

समग्र विषयमा प्रधानमन्त्रीको भूमिका निभाएकी अञ्जना न्यौपानेले देशको अहिलेसम्मको अवस्था र अब जगाउन सकिने आशाका बारेमा प्रतिनिधि सभाका सदस्यलाई आश्वास्त पार्ने गरी जवाफ दिएको कार्यक्रम संयोजक महेन्द्र पौड्यालले जानकारी दिए। विद्यार्थीहरुले निकै उत्कृष्ट प्रस्तुति देखाएका सह-संयोजक राधिका शर्माले बताइन्।

मोफसलमा एक मात्रै प्रोग्रेसिभ शिक्षण पद्दति सञ्चालन गरेको ब्रिटिस ग्रामर स्कुलले नेपाली भाषामा सामाजिक विषय विद्यार्थीले कठिन मानिरहेको अवस्थामा यसरी व्यावहारिक रुपमा सिकाइ गर्दा पठनपाठन सह, सरल हुने र यसको समग्र छाप विद्यार्थीको मष्तिस्कमा पर्ने विद्यालयका संस्थापक प्राचार्य राजेन्द्र कुँवरले बताए।

देशको संसद चलाउने प्रक्रिया, राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, उपप्रधानमन्त्री, मन्त्री तथा सत्ता र प्रतिपक्ष दलका कार्य, संसद र सांसदहरूको भूमिका कोरा किताबी ज्ञानमा मात्रै सीमित नगरी प्रयोगात्मक रुपमै प्रस्तुत गर्न सक्नु निकै महत्त्वपूर्ण कार्यक्रम भएको विद्यालयकी निर्देशक पुष्पा कंडेल खरेलले बताइन्।

# पाँच हजार बढीले अवलोकन गरे सर्प महोत्सव




बुटवल। अन्तर्राष्ट्रिय सर्पदंश जनचेतना दिवसको अवसरमा शंकरनगर वन विहार तथा अनुसन्धान केन्द्र (वनबाटिका) मा आयोजित नेपाल सर्प महोत्सव ५ हजार जनाभन्दा बढीले अवलोकन गरेका छन्। महोत्सवमा तिलोत्तमाका एक दर्जन सरकारी र निजी विद्यालयका विद्यार्थी र शिक्षकहरुसहित सरोकारवाला संघसंस्थाका व्यक्तिहरुले अवलोकन गरेका छन्।

तिलोत्तमा नगरपालिका र बुटवल उप-महानगरपालिकाको सहयोगमा शंकरनगर वनबाटिका तथा अनुसन्धान केन्द्र परिसरमा 'मानव र सर्पबिच सहअस्तित्व प्रवर्द्धन' नारासहित रुपन्देहीमा दोस्रो नेपाल सर्प महोत्सव गरिएको हो।

दुई दिन चलेको महोत्सवमा सहभागी विद्यार्थी, स्थानीयहरुलाई सर्पसम्बन्धी विज्ञ, नेचर गाईड, रेस्कुयरहरुले विषालु र अविषालु सर्पका प्रजातिबारे चिनाउने, सर्पको उद्धार, औजारहरुको प्रयोग गरेर देखाएका थिए। विभिन्न स्टलहरुमा सर्पसम्बन्धी चित्रकला, फेस आर्ट, फोटो प्रदर्शनी समेत गरिएको महोत्सवका संयोजक तथा सर्पविशेषज्ञ कमल देवकोटाले बताए।

महोत्सवले सर्पको पर्यावरणीय, चिकित्सकीय, धार्मिक तथा सांस्कृतिक महत्व पनि उजागर गरेको तिलोत्तमाका नगर प्रमुख रामकृष्ण खाँणले बताए।

शंकरनगर सामुदायिक वनका अध्यक्ष रवीन्द्र बस्नेतले सर्पलाई देख्ने बित्तिकै मार्नु नहुने रहेछ भन्ने ज्ञान महोत्सवले दिएको बताए। डिभिजन वन कार्यालय रुपन्देही प्रमुख प्रवीण बिडारीले जैविक विविधता, धार्मिक, सांस्कृतिक हिसाबले सर्पको महत्वपूर्ण भूमिका हुने र सर्प मान्छेको शत्रु होइन मित्र हो भने। महोत्सवलाई सफल बनाउन शंकरनगर वन विहार तथा अनुसन्धान केन्द्रले आयोजकको रुपमा सक्दो सहयोग गरेको अध्यक्ष बेलप्रसाद शर्माले बताए।

केन्द्रका उपाध्यक्ष खिमलाल पाण्डेले अधिकांश सर्पहरु विषालु नहुने भएकाले सर्पलाई देखेपछि मार्नुपर्छ भन्ने गलत मान्यताबारे महोत्सवले जनचेतना फैलाएर सर्प र मान्छे दुबैलाई जोगाउन भूमिका खेलेको बताए।

# प्रदेशसभाले विभेद गरेको टेलिभिजनको गुनासो

बुटवल। लुम्बिनी प्रदेशसभाले सञ्चार माध्यमहरुलाई विभेदपूर्ण व्यवहार गरेको भन्दै लुम्बिनी प्रदेशका टेलिभिजनहरुले गम्भीर ध्यानाकर्षण भएको जनाएका छन्। टेलिभिजन प्रसारक संघ लुम्बिनीले सभामुख तुलाराम घर्तीमगरलाई ध्यानाकर्षण पत्र बुझाउँदै पटक-पटक आग्रह गर्दा पनि प्रदेशसभा सचिवालयले बेवास्ता गरी विभेदपूर्ण व्यवहार गरेकोले आफूहरुलाई चिन्तित गराएको उल्लेख गरेका छन्।

संघका प्रदेश अध्यक्ष नरेश केसीले बिगतदेखि नै प्रदेशसभा सचिवालयले आफू निकटका सञ्चार माध्यमहरुलाई मात्रै कार्यक्रम उत्पादन तथा प्रशारण गर्न मिल्ने गरी कार्यविधि बनाएर सूचना प्रकाशन गर्ने सम्झौता गरी कार्यक्रम दिने गरेको र यसपटक पनि सोही कार्य दोहोरीएको उल्लेख गरेका छन्।

केसीले गतवर्ष नै सभामुख, उपसभामुख र प्रदेशसभा सचिवलाई समेत भेटेर ध्यानाकर्षण गराएको उल्लेख गर्दै त्यो बेला नै सभामुखले आगामी दिनमा कमिकमजोरी सच्याउने प्रतिबद्धता जनाएको विज्ञप्तिमा उल्लेख गरेका छन्।

सभामुखले आफैंले गरेको प्रतिबद्धता आफैंले बेवास्ता गरी यस वर्ष पनि सूचना प्रकाशन गरी निश्चित सञ्चार गृहलाई मात्र रकम दिन थालिएको भन्दै उक्त सूचना रद्ध गर्न विज्ञप्तिमार्फत् माग गरेका छन्।

केसीले प्रदेशसभाका सूचना र लोक कल्याणकारी कार्यक्रम ठेक्कापट्टा गर्ने प्रवृत्ति अन्त्य गर्दै प्रदेशमा प्रसारण कार्यालय भएका सबै टेलिभिजनलाई समानुपातिक ढंगले वितरण गर्न माग गरेका छन्। प्रदेशसभा सचिवालयले निश्चित ४ वटा टेलिभिजनबाहेक अरुले कार्यक्रम प्रशारण गर्न पाउनै नसक्नेगरी कार्यविधि बनाएर सूचना सार्वजनिक गरेको छ।

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्।
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन)
फोन:- ०७१५४२५७१

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि
सधै हामीलाई सम्झनुहोस्
सम्पर्कः
आइडिया डिजाइनर्स/अफसेट प्रेस
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३
मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी
कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस्।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

प्रो. मञ्जु एण्ड सन्स्
फोनः ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ
न्यू कुमकुम ज्वेलर्स
वि.पि. चोक, बुटवल-४, रुपन्देही





विगत १५ वर्षदेखि
तपाईको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाइनका शुद्ध
सुन चाँदीबाट बनेका गर-गहनाको
एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै
खरिद विक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादकः टिआर शर्मा,
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dainiklumbiniadd@gmail.com (Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www.lumbinipatrika.com